# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# उर्लाबारी नगरपालिका
# मोरङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १**

पत्र संख्याः २०७८।७९
च.नं. ४७४ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरङ।

**कैफियत सहितको राय**

हामीले उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू ३ करोड ८८ लाख ५७ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू ३४ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २३ लाख ४१ हजार, नियमित गर्नुपर्ने रू २ करोड ३० लाख ९३ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष रु १७ करोड ६० लाख ९३ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु १९ करोड ७४ लाख ५१ हजार रहेको छ ।नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

उर्लाबारी नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४८ | ६२ | ३८८५७ | ० | ० | ० | ४८ | ६२ | ३८८५७ | ३४२३ | २३०९३ | १२३४१ | ० | ० | ३५४३४ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | १७६०९३ | ० | १७४९९ | १५८५९४ | ० | ३८८५७ | १९७४५१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : उर्लाबारी नगरपालिका, मोरङ , उर्लाबारी नगरपालिका , मोरङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रवीण कोइराला | २०७७-११-१० | |
| कार्यालय प्रमुख | मुरारी प्रसाद घिमिरे | २०७६-८-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोविन्द कार्की | २०७३-१२-२२ | |
| | | **बेरुजु रकम** | ३८,८५६,९०२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १६,१६,२०,३२४.४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,०५,३२,२७० | **चालु खर्च** | ३५,२१,०४,४०२.३१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०३,६९,००० | **पूँजीगत खर्च** | २३,६५,४१,४०५.६७ |
| **राजश्व बाँडफाँट** | १३,०५,५४,८५२.०२ | **वित्तीय/अन्य व्यवस्था** | ३३,३४,०७,८८७.२६ |
| **आन्तरिक आय** | ६,५८,११,८१२.३९ | | |
| **अन्य आय** | २१,१०,३०,४६८.५ | | |
| **कुल आय** | ९६,८२,९८,४०२.९१ | **कुल खर्च** | ९२,२०,५३,६९५.२४ |
| **बाँकी मौज्दात** | | २०,७८,६५,०३२.०८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले उर्लाबारी नगरपालिका स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । उर्लाबारी नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ७४.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ७० हजार ६०५ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा देहाय बमोजिम रु ५७२२३ असुल भएको छ ।<br><br>
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>असुली रकम</th></tr>
<tr><td>१</td><td>पारीश्रमिक कर दाखिला</td><td>५७२२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>प्राप्ति तथा भुक्तानी हिसाब<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम उर्लाबारी नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता, अन्तर सरकारी अख्तियारी समेतको स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको एकिकृत आय ब्यय बिबरण समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।<br><br>
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राप्ती (क+ख) | | 841989195.43 | 968298402.92 | 0.00 | 968298402.92 | 0.00 | 0.00 |
| | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | 798498528.00 | 770231275.92 | 0.00 | 770231275.92 | 0.00 | 0.00 |
| | | | ११००० कर | ११ | 147553507.00 | 139079671.58 | 0.00 | 139079671.58 | 0.00 | 0.00 |
| | | | १३००० अनुदान | | 607898821.00 | 561621663.00 | 0.00 | 561621663.00 | 0.00 | 0.00 |
| | | | संघीय सरकार | १२ | 546705449.00 | 540532270.00 | 0.00 | 540532270.00 | 0.00 | 0.00 |
| | | | प्रदेश सरकार | १२ | 23781186.00 | 20369000.00 | 0.00 | 20369000.00 | 0.00 | 0.00 |
| | | | अन्य अनुदान करुणा फाउण्डेशन कार्यक्रम | | 3412186.00 | 720393.00 | 0.00 | 720393.00 | 0.00 | 0.00 |
| | | | अन्तरिक श्रोत सडक बोर्ड, पि.एल.जि.एस.पि., जि.स.स. | १२ | 10000000.00 | 5732948.50 | 0.00 | 5732948.50 | 0.00 | 0.00 |
| | | | जनसहभागिता | | 24000000.00 | 6510000.00 | 0.00 | 6510000.00 | 0.00 | 0.00 |
| | | | १४००० अन्य राजस्व | | 42991200.00 | 55994628.84 | 0.00 | 55994628.84 | 0.00 | 0.00 |
| | | | १५००० विविध प्राप्ति बेरुजु रकम | | 55000.00 | 1292364.00 | 0.00 | 1292364.00 | 0.00 | 0.00 |
| | | | ख. अन्य प्राप्ति | | 43490667.43 | 198067127.00 | 0.00 | 198067127.00 | 0.00 | 0.00 |
| | | | वितरण गर्न बाकी राजस्व | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | | | कोषहरु | | 43490667.43 | 23500000.00 | 0.00 | 23500000.00 | 0.00 | 0.00 |
| | | | धरौटी | | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | 0.00 | 174567127.00 | 0.00 | 174567127.00 | 0.00 | 0.00 |
| | | | भुक्तानी (ग+घ) | | 957547228.44 | 922053695.24 | | 922053695.24 | 0.00 | 0.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | 914056561.01 | 588645807.98 | | 588645807.98 | 0.00 | 0.00 |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | 209732295.53 | 167710613.04 | 0.00 | 167710613.04 | 0.00 | 0.00 |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | 296626787.00 | 171090478.27 | 0.00 | 171090478.27 | 0.00 | 0.00 |
| | | | २५००० सहायता (Subsidy) | १८ | 0.00 | 2500.00 | | 2500.00 | 0.00 | 0.00 |
| | | | २६००० अनुदान | १८ | 9233000.00 | 8763354.00 | 0.00 | 8763354.00 | 0.00 | 0.00 |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | 4808000.00 | 3113469.00 | 0.00 | 3113469.00 | 0.00 | 0.00 |
| | | | २८००० अन्य खर्च | १८ | 1532200.00 | 1423988.00 | 0.00 | 1423988.00 | 0.00 | 0.00 |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | 392124278.48 | 236541405.67 | 0.00 | 236541405.67 | 0.00 | 0.00 |
| | | | घ. अन्य भूक्तानी | | 43490667.43 | 333407887.26 | 0.00 | 333407887.26 | 0.00 | 0.00 |
| | | | कोषहरु | | 43490667.43 | 24777794.00 | 0.00 | 24777794.00 | 0.00 | 0.00 |
| | | | धरौटी | | 0.00 | 8819433.42 | 0.00 | 8819433.42 | 0.00 | 0.00 |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | 0.00 | 174567127.00 | 0.00 | 174567127.00 | 0.00 | 0.00 |
| | | | संघिय सरकार अनुदान फिर्ता रकम | | | 120289157.84 | | 120289157.84 | 0.00 | 0.00 |
| | | | प्रदेश सरकार अनुदान फिर्ता रकम | | | 5101813.00 | | 5101813.00 | 0.00 | 0.00 |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -73719.00 | | -73719.00 | 0.00 | 0.00 |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | 118970219.01 | 46244707.68 | | 46244707.68 | 0.00 | 0.00 |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | 161620324.40 | | 161620324.40 | 0.00 | 0.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | 118970219.01 | 207865032.08 | | 207865032.08 | 0.00 | 0.00 |
| | | | | | | | | | 0.00 | 0.00 |
| | | | बैंक तथा नगद बाकी | २४ | | 207865032.08 | | 207865032.08 | 0.00 | 0.00 |

४

**आन्तरीक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा प्रत्येक बर्ष अद्याबधिक गरेको देखिएन ।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण अध्यावधिक गरेको छैन
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरे देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• म ले प फा नं ९०७ बमोजिम भ्रमण अभिलेख राखेको देखिएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने र यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको देखिएन ।<br>• सार्बजनिक खरिद नियमवली २०६४ को नियम ११५ मा सार्बजनिक निकायले आपुर्ति गरीएका मालसामान सम्झौतामा उल्लेखित प्राबिधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने ब्यबस्था छ । पालिकाले खरिद गरिएका ठूला उपकरण र सवारी साधन बाहेकको सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण भएको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन पालिकाका कार्यक्रमहरुको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्बजनिक सुनुवाई गरेको देखिएन । | |
| ५ | | | **योजना छनौट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानिय स्तरकाको बिकासका लागी आबधिक,बार्षिक, रणनीती बिषय क्षेत्रगत मध्यकालिन | |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td></td><td></td><td></td><td>तथा दिर्घकालिन बिकास योजना बनाई लागु गर्नुपर्ने रयोजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।पालिकाले योजना छनौट गर्दा ऐनमाभएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यसवर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>योजना संख्या</td><td>खर्च रकम</td></tr>
<tr><td>१</td><td>१ लाख भन्दा कमको योजना</td><td>५५</td><td>३२५१७८८</td></tr>
<tr><td>२</td><td>एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>१६३</td><td>४६५४३९४४</td></tr>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>२५</td><td>१५९२९५७७</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>५</td><td>९४१९४४५</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४८</td><td>७५१४४७५४</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट र कार्यक्रम स्बिकृत</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोही ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ बमोजिम प्रकृयापुर्‍याइ आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६)बमोजिम असार मसान्त भित्र बजेट पारित गरीसक्नुपर्ने व्यवस्था छ ।पालिकाले आ. ब.२०७७।७८ को बार्षिक कार्यक्रम तथा बजेट देहाय बमोजिम तोकीएको मिति २०७७।३।१० मा रु ७४ करोड ७७ लाख ८८ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७७।३।११ मा बजेट पारित गरेको छ।पारित गरेको बजेट ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमादिग्दर्शनको देहाय प्रकृया तथा कार्यतलिकाको अबधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतलिकाको बमोजिम बजेट पारित गरीनुपर्दछ ।
<table>
<tr><th>बजेट तयारी चरण</th><th>नियममा रहेको अबधि</th><th>कार्य भएको मिति</th><th>कानूनी ब्यबस्था</th></tr>
<tr><td>स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गरी गर्नुपर्ने ।</td><td>प्रत्येक बर्ष पौष १५ भित्र</td><td>२०७७।०२।२६</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५</td></tr>
<tr><td>आगामी आर्थिक बर्षको लागि आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिबरण नेपाल सरकारमा पेश गर्ने ।</td><td>पौष मसान्त भित्र</td><td>नगरेको</td><td>अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण , सन्तुलित बितरणको खाका , बजेट सीमा निर्धारण गर्ने । | प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु | २०७७।०२।३२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ | |
| | | | आगामी आर्थिक बर्षको बजेट सिमा, गाउपालिका, नगरपालिका, बिषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने । | प्रत्येक वर्षको बैशाख १५ गते भित्र सम्पन्न गरिसक्नु | २०७७।०२।३२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ७) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ | |
| | | | प्राप्त बजेटको सिमाभित्र रहि बिषयगत माहाशाखा,शाखा तथा बडा समितिले पालिकाको योजना,क्रार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने । | | २०७७।०३।०८ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ८) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ | |
| | | | बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिषयगत महाशाखा,शाखा तथा वडा समिति बाट प्राप्त बजेट | असार ५ गते भित्र | २०७७।०३।०९ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र स्थानीय तहको वार्षिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | प्राथमिकीकरण गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्विकृत गर्नु पर्ने। | | | योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ | |
| | | | गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्ने । | असार १० गतेभित्र | २०७७।०३।१० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) | |
| | | | बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने | असार मसान्त भित्र | २०७७।०३।११ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६) | |
| | | | सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने । | श्रावण १५ भित्र | २०७७।०५।१० | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५ | |
| ७ | | | **बजेट रकमान्तर** | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने ब्यबस्था छ ।त्यस्तै आर्थिक कार्यबिधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियकलापमा खर्च गर्नुपर्ने अबस्था भएमा त्यस्तो कार्य सम्पन्न गर्न नसक्नुका कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संसोधनका लागि तालुक निकायमा लेखि पठाउदा आबधिक योजना तथा कार्यक्रमको उदेश्य लक्ष्य र स्बिकृत बजेट अनुकूल हुनेगरी पठाउनुपर्ने तथा लेखा उत्तरदायी अधिकृतले बिनियोजन ऐनको परिधिभित्र रही आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संसोधन गरी बजेट सूचना प्रणालीमा अद्याबधिक गर्न लगाउनुपर्ने ब्यबस्था छ । नगरसभाले रु ९७ लाख ५० हजारका २८ वटा कार्यक्रबाट ७७ वटा बिभिन्न नया कार्यक्रममा रकमान्तर गरी को १ करोड १७ लाख १६ हजारका कार्यक्रम संसोधित गरेको छ । बजेट बिनियोजन गर्दा नै यथार्थ हुनेगरी बिनियोजन ऐनमा समाबेश गरी ऐनको परिधिभित्र रही खर्च गर्नुपर्नेमा आर्थिक बर्षको बिचमा योजना संसोधन/ /रकमान्तर गरी कार्यान्वयन गर्नु उपयुक्त होईन । | |
| ८ | | | **बजेट कार्यान्वयन**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ ।त्यस्तै बजेट कार्यन्वयन गर्दास्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ र ७ देहाय बमोजिमको प्रक्रिया पुर्‍याइ बजेट तथा योजना कार्यान्वयन गर्नपर्ने ब्यबस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को बार्षिक बजेट २०७७ असार ११मा सभावाट स्वीकृत गरेकोमा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।४।७ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बजेट कार्यान्वयनका देहाय चरणहरुको कार्यान्वन गरेको देखिएन ।ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अबलम्बन गरीनुपर्दछ ।
<table>
<tr><th>बजेट कार्र्यान्वयनका चरण</th><th>नियममा रहेकोअबधि</th><th>कार्य भएको मिति</th><th>कानूनी ब्यबस्था</th></tr>
<tr><td>प्रमुखलले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटखर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ।</td><td>सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र</td><td>२०७७।४।७</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३</td></tr>
<tr><td>प्रमुख प्रशासकीय अधिकृतले स्विकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा /इकाइ प्रमुख र वडा कार्यालयलाई लिखित रुपमा योजना कार्यान्वयनकोजिम्मा दिनुपर्ने ।</td><td>अख्तियारी प्राप्त भएको १५ दिनभित्र</td><td>छैन</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६</td></tr>
<tr><td>सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ र वडा कार्यालय प्रमुखले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने ।</td><td>योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र</td><td>छैन</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख बाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने । | | छैन | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ | |
| | | | गाउँ / नगर कार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने । | आर्थिक वर्ष शुरु भएको एक महिना भित्र | छैन | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ | |
| | | | अनुगमन तथा सुपरीबेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिबेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीबेक्षण समितिको प्रतिबेदनको आधारमा योजना कार्यन्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्ने | एकिकृत गरी एकीकृतकार्यान्वयनकार्ययोजना कार्यपालिका समक्ष पेश गरेको १५ दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने | छैन | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५)र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.१ र ६.२.१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण ब्यबसायी,परामर्शदाता र कर्मचारी)लाई आबश्यक निर्देशन दिनुपर्ने । | | | | |
| | | | वडा अनुगमन समिति गठन गरी बडास्तरिय योजना अनुगमन गर्दा देखिएको बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीबेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने । | | छैन | स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.३ | |
| | | | पालिकाले १० करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाब मुल्याङ्कन गराउनुपर्ने | | छैन | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.४ | |
| ९ | | | **निकासा फिर्ता** | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिनियोजन ऐन, २०७७ को दफा ४ (१२) मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम आर्थिक बर्ष भित्र खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानिय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आगामी आर्थिक बर्षको असोज मसान्त भित्र संघिय सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं १ को बिनियोजन ऐन २०७७ को दफा ४(१३)मा सशर्त, समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानिय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । पालिकाको प्राप्ती तथा भुक्तानी हिसाब अनुसार देहाय बमोजिम सशर्त, समपुरक र बिशेष अनुदानको रकम रु.१२५३९०९६२।८४ असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेको देखिएको छ । ऐन अनुसारआगामी आर्थिक बर्षको असोज मसान्त संघीय सञ्चित कोषमा रु.१२०२८९१४९।८४ र प्रदेश सञ्चित कोषमा रु.५१०१८१३ दाखिला गनुपर्नेदेखिएकोमा संघीय सञ्चित कोषमा मिति २०७७।४।८ मा रु १२०२८९१५७।९२ र प्रदेश सञ्चित कोषमा मिति २०७७।४।८ मा रु ५१०१८१३ दाखिला भएको देखिएको छ । | |

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३८२९३२२७० | २६२६४३११२।१६ | १२०२८९१४९।८४ |
| | बिशेष | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | २८०७००० | १५२४३७१।०० | १२८२६२९ |
| | समपुरक | १००००००० | ६१८०८१६ | ३८१९१८४ |
| | **जम्मा** | | | **१२५३९०९६२।८४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **जिम्मेवारी**<br><br>स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ।तर पालिकाले गत वर्षको लेखापरिक्षण प्रतिवेदन अनुसार आर्थिक वर्षको अन्त्यमा रु.२००११८५५४.०९मौज्दात भएकोमा यो वर्षको प्राप्ती तथा भुक्तानी हिसाबमा रु.१६१६२०३२४।४० श्रेस्ता तथा आर्थिक बिबरणमा जिम्मेवारी सारेको देखियो।जस अनुसार लेखापरीक्षण प्रतिवदेनमा उल्लेख भएको भन्दा रु ३८४९८२२९।६९ घटी जिम्मेवारी सारेको सम्बन्धमा फरक रकम एकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिएको छ । | |
| ११ | | | **दायित्व सिर्जना**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ ।सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाले नियम विपरीत कार्यालय सामग्री मसलन्द छपाई मेसिनरी मर्मत लगायतमा रु१३९१४६३।५० तथा निर्माण कार्यमा रु ८३७३१६२ गरी कूल ९७६४६२५।५० रकम विनियोजित बजेटले नखाम्ने गरी अर्को वर्ष दायित्व सारेको देखियो । यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| १२ | | | **खर्च खाताको मौज्दात** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गरी आर्थिक बर्षको अन्त्यमा शुन्य गरि आगामी आर्थिक बर्षको लागी नबिकरण गरेर मात्र सञ्चालन गनुपदर्छ ।आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु ११५२३२६।५८ पुजीगत खर्च खातामा रु ५६५७११०७ समेत गरी रु ५७७२३४३३।५८. मौज्दात रहेको पाईयो ।ऐन बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बैक हिसाब मिलान बिबरण<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । स्थानीय तहकोप्राप्ति भुक्तानी हिसाबमा श्रेस्ताअनुसार आषाढ मसान्तको बैक मौज्दात रु.२०७८६५०३२।०८ देखिएकोमा सो अबधिमा देहायबमोजिमको खाताको बैक अनुसार बैक मौज्दात रु ३५०२४७४०७।८३ देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएकोरु. १४२३८२३७५।७५ का सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।
<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसारबाँकी</th><th>बैंक स्टेटमेण्टअनुसार बाँकी</th></tr>
<tr><td>चालु खर्च खाता</td><td>११५२३२६।५८</td><td>८१८८६२८४।४९</td></tr>
<tr><td>पूँजिगत खर्च खाता</td><td>५६५७११०७</td><td>५७९८८९२।०३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | विविध कोष खाता | २४६८१५।८० | ११८५३११।८० | |
| | | | बिभाज्यकोष खाता | ० | ० | |
| | | | आन्तरीक अनुदान खाता | २८२५५०० | २८८१६६२।५० | |
| | | | स्थानिय तह धरौटि खाता | ८४१७८८८।३३ | ८४१७८८८।३३ | |
| | | | स्थानिय तह सञ्चित कोष खाता | ७७३४९८१७।५२ | १७५३१९६७९।५० | |
| | | | राजश्व बाडफाड खाता | ४३०६२२४५।७७ | ५४१२९८१६।९७ | |
| | | | प्रकोप व्यवस्थापन खाता | ३४८४६२९।६३ | ३३२५९९७।६३ | |
| | | | आन्तरीक राजश्व खाता | १४७५४७०१।४५ | १७३०१८७४।५८ | |
| | | | जम्मा | २०७८६५०३२।०८ | ३५०२४७४०७।८३ | |
| १४ | | | **विषय क्षेत्रगत वजेट तर्जुमा र खर्च**<br><br>स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१.३ मा बजेटको पुर्ब तयारी गर्दा गाऊँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ । त्यस्तै सोहि दिग्दर्शनको बुदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तब्य अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यबस्था छ। पालिकाले यस बर्ष दिग्दर्शन बमोजिम श्रोत अनुमान तथा बजेट निर्धारण समितिले विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्यर विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी बिषयगत क्षेत्रमा देहाय बमोजिम बजेट तथा खर्च गरेको छ । दिग्दर्शन बमोजिम विषय क्षेत्रगत | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वजेटको सीमा निर्धारण गर्ने कार्यर विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ।
<table>
<tr><th>बिषयगत क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१००४७४२७०</td><td>३१६१३७१९</td><td>३१.४६</td></tr>
<tr><td>सामाजिक बिकास</td><td>३५६९४००६३</td><td>२८१४९६९२०</td><td>७८.८६</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>२७४३१७४५८</td><td>१६२३३९३५९</td><td>५९.१८</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र</td><td>४६०४८८५९</td><td>२४१०२१९२</td><td>५२.३४</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१३६२७५८७४</td><td>८९०८८६१७</td><td>६५.३७</td></tr>
<tr><td>जम्मा</td><td>९१४०५६५६१</td><td>५८८६४५८०७</td><td>६४.३९</td></tr>
</table>
त्यस्तै पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु६५८११८१२।३९ राजस्व बाँडफाँड र अनुदानबाट रु ६९१४५६१२२।०२ गरी जम्मा रु७५७२६७९३४।४१ आम्दानी भएकोमा चालु तर्फ रु. ३५२१०४४०२ र पूँजिगत तर्फ रु. २३६५४१४०५ समेत रु ५८८६४५८०७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.१८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८४३६००० खर्च भएको छ जुन आन्तरिक आयको १२.८१ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०.९२%चालु र ३४.२० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १५ | | | **चौमासिक खर्च**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा ७.२५ प्रतिशत दोस्रो चौमासिकमा १५.८७ प्रतिशत तेस्रो चौमासिकमा७६.८७ प्रतिशत र आषाढ महिनामा ५३.७४ प्रतिशत खर्च भएको देखिएको छ। । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमासमेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरिनुपर्दछ। | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पालिका पूँजीगत | १८१८७९७०२।०० | १६४३२१८९।०० | २४२८२८४७।०० | १४११६४६६६।०० | ९०३४५००७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>संघीय सशर्त पूँजीगत</td><td>५४६६१७०३</td><td>७२१३७०</td><td>१३२५८५५८</td><td>४०६८१७७५</td><td>३६७८७१९३</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>२३६५४१४०५</td><td>१७१५३५५९</td><td>३७५४१४०५</td><td>१८१८४६४४१</td><td>१२७१३२२००</td></tr>
<tr><td></td><td></td><td>१००</td><td>७.२५</td><td>१५.८७</td><td>७६.८७</td><td>५३.८७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
संम्पतिको संरक्षण<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुनेव्यवस्था रहेको छ यस पालिका कार्यालय तथा वडा कार्यालयहरू मा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छः
<table>
<tr><td>मुख्य सम्पति तथा मालसामान को नाम</td><td>जग्गाको क्षेत्रफल /साधनको परिमाण</td><td>मुल्य रकम</td><td>सम्पति तथा मालसामानको बर्तमान अबस्था</td><td>प्रयोग/कैफियत</td></tr>
<tr><td>जग्गा</td><td>६.४१०८७५</td><td>१३३७२५०१</td><td>चालु</td><td>२.६८७७५ को मुल्य नखुलेको</td></tr>
<tr><td>ट्रिपर</td><td>१</td><td>२६०५०००</td><td>चालु</td><td>प्रयोग भैरहेको</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ट्र्याक्टर</td><td>३</td><td>१८७४५००</td><td>चालु हालत २ लिलाम गर्नुपर्ने १</td><td>मुल्य नखुलेको १</td></tr>
<tr><td>दमकल</td><td>१</td><td>४७०००००</td><td>चालु हालत</td><td></td></tr>
<tr><td>जीप</td><td>२</td><td>५५३८४९६</td><td>चालु</td><td>प्रयोग भइरहर्को</td></tr>
<tr><td>पिक अप</td><td>१</td><td>५९९८०००</td><td>चालु</td><td>प्रयोग भइरहेको</td></tr>
<tr><td>मोटर साइकल</td><td>२२</td><td>४०४१८००</td><td>चालु</td><td>प्रयोग भइरहेको</td></tr>
<tr><td>स्कुटि</td><td>२</td><td>५१३०००</td><td>चालु</td><td>प्रयोग भइरहेको</td></tr>
<tr><td>एम्बुलेन्स</td><td>१</td><td>मुल्य नखुलेको</td><td>चालु</td><td>मदन भण्डारी अस्पतालको नाममा रहेको</td></tr>
<tr><td>भवन</td><td>६</td><td>२९४२००००</td><td>चालु</td><td>राम्रो हालत</td></tr>
</table>
, उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा पालिकाले आफ्नो कतिपय भबनमा प्रयोगमा रहेकोकतिपय जग्गाको मुल्य नखुलेको र सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति, तथा साविकका संघीय बिषयगत कार्यालयको सम्पत्ति, दायित्व तथा अभिलेख नभएको र जिन्सी निरीक्षणबाट लिलाम तथा मर्मत गर्नुपर्ने भनि उल्लेख भएकोमा लिलाम प्रकृया शुरु भएको देखिएन ।साथै पालिकाले मर्मत गरी सञ्चालनमा ल्याएको एम्बुलेन्सको सञ्चालन कार्यबिधि नबनाएको र एब्बुलेन्सको आम्दानी प्राप्त गरेको समेत पालिकाको सम्पत्तिको उचित संरक्षण भएको देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्तासम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले त्यस्ता सार्बजनिक सम्पत्तिको अद्यावधिक अभिलेख राखेको देखिएन ।पालिकाले सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखिअनुगमन नगरेको कारण समेतबाट सार्वजनिकपर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वाअरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन । | |
| १८ | | | **सवरीसाधन खरिद**<br><br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउपालिकाले १ थान दमकल खरिदमा रु ४७००००० खर्च गरेका छन् ।कार्यबिधि बमोजिम नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न मिल्ने देखिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ। पालिकाले हालसम्म १८ वटा ऐन६वटा नियमावली २५ वटाँ कार्यबिधि तथा ४ बटा निर्देशिका र १ वटा आचारसहिता आदी निर्माण गरी कार्यान्बयननमा आएकोमा आफ्नो अधिकार क्षेत्रभित्रको आबश्यक कानुन बनाई पालिकाको कार्यप्रकृयालाई ब्यबस्थित गरीनुपर्दछ । | |
| २० | | | **न्यायिक समिती**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाकीनभएको र यो बर्ष थप भएको२७१ वटा विवाददर्ता भएकोमा २३३ वटा मात्र फछ्र्यौट भई ३८ फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **बिबिध खर्च**<br><br>नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा ६ मा चियापान तथा अतिथि सत्कारमा नगर प्रमुखले बीस हजार.उपप्रमुखले पन्ध्र हजार कार्यलयले दश हजार बडाध्यक्ष तथा वडा कार्यालयले दश हजार रकममा नबढ्ने गरी मासिक बिबिध खर्चको आदेश गर्न सक्ने र उल्लेखित सिमा भन्दा बढीको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आदेश भएको अबस्थामा आधार र औचित्य सहित कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने कार्यपालिकाको स्बिकृत नभई त्यस्तो रकम भुक्तानी नहुने ब्यबस्था छ । पालिकाले कार्यबिधि बिपरीत कार्यपालिकाबाट स्बिकृति नलिएको समेत यस बर्ष बिबिध खर्च बापत रु २५०००००। खर्च गरेको छ । कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा ६ बमोजिम यस्तो खर्च नियन्त्रण गरीनुपर्दछ । | |
| २२ | | | **अनुदान बितरण**<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्त्ब नियमावली २०७७ को नियम ४० (५) मा कार्यालयले कुनै संघ वा संस्थालाई रकम दिदा योजना कार्यक्रम र लागत समेत खुलाई दिईनुपर्ने र जुन कामको लागी दिएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए नभएको कुराको अनुगमन गरी प्रतिबेदन लिने ब्यबस्था छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा नियमावलीको उल्लेखित ब्यबस्था बमोजिम प्रतिबेदन लिएको देखिएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २३ | | | **अन्तर सरकारी अख्तियारी**<br><br>आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्त्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>बजेट</th><th>निकासा</th><th>खर्च</th></tr>
<tr><td>३६५००१०४३</td><td>९९५००००</td><td>९२१४१२७</td><td>९२१४१२७</td></tr>
<tr><td>३१४०१०१२३</td><td>१६५८५७०००</td><td>१६५३५३०००</td><td>१६५३५३०००</td></tr>
<tr><td>जम्मा</td><td>१७५८०७०००</td><td>१७४५६७१२७</td><td>१७४५६७१२७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>दरबन्दि र पदपुर्ति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४५ दरबन्दी स्वीकृत रहेको बिबरण प्राप्त भएकोमा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत सहित ९० पदहरुरिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेकोस्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य प्रदेश लोक सेबा आयोगमा माग गरी छिटो पदपूर्ति गरेर सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २५ | | | **कर्मचारी करार**<br><br>स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा८३मास्थानीयतहलेआफ्नोअधिकारक्षेत्ररकार्यबोझकोविश्लेषणगरीसंगठनतथाव्यवस्थापनसर्भेक्षणकोआधारमास्थायीप्रकृतिकोकामकोलागितथासेवाकरारबाटलिईनेकर्मचारीकोदरबन्दीप्रस्तावगर्नुपर्नेरअस्थायीदरबन्दीसृजनागर्ननसकिनेव्यवस्थाछ।तरपालिकाले कुल ७० जनाकर्मचारीहरूकरारमाराखिरु १०४३८२०८ पारीश्रमिक खर्चलेखेकोछ ।<br>त्यसैगरी सोही ऐन २०७४कोदफा८३(८) वमोजिमपालिकालेनगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचेलगायतकापदमामात्रकरारवाटसेवालिनसकिनेव्यवस्थागरेकोछ।स्थानीय तहले माथिउल्लेखितपदवाहेक सब इन्जिनियर लगायतविभिन्न ३१ पदमा करारनियुक्तिगरी रु ९६५०१८० भुक्तानीगरेको कार्य ऐन बिपरित देखिएकोले पदपुर्ति गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु | ९,६५०,१८० |
| २६ | | | **स्थानिय भत्ता**<br><br>स्थानीय सरकार संचालनऐन २०७४कोदफा ८६ (१) बमोजिमस्थानीयसेवागठन, संचालनव्यवस्थापन, सेवाकाशर्ततथासुविधासम्बन्धिआधारभूतसिद्धान्तरमापदण्डसंघीयकानूनबमोजिमहुने, दफा८६ (२) बमोजिमस्थानीयसेवाकोगठन, संचालनतथाव्यवस्थापनसेवाकोशर्ततथासुबिधासम्बन्धिअन्यव्यवस्थास्थानीयतहलेबनाएकोकानूनबमोजिमहुनेव्यवस्थाछ । | १,४२८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यस्तैअर्थमन्त्रालयकोकार्यसंचालननिर्देशिकामाअतिरिक्तसमयरबिदाकोदिनकामगर्दाअर्थमन्त्रालयबाटनमर्सस्वीकृतगराईमात्रखाजारखानावापतकोरकमभुक्तानीदिनुपर्ने प्रोत्साहनभत्ताखुवाउनसमेतअर्थमन्त्रालयबाटस्वीकृतिलिनुपर्नेव्यवस्थाछ।पालिकाले कानून नबनाई यो बर्ष अन्य भत्ता उल्लेख गरी प्रमुख प्रशासकिय अधिकृत सहित विभिन्न तहका ५५ जना स्थायि कर्मचारीलाई रु ६६०००० चौसष्टि जना करार कर्मचारी लाई रु ७६८००० गरी कुल जम्मा रु. १४२८०००स्थानिय भत्ता खर्च गरेको देखियो । पालिकाले कानून नबनाई भुक्तानी दिएको भत्ता बापतको रकम थप आर्थिक व्ययभार पर्न गएको रु. | |
| २७ | | | **उत्खनन तथा संकलन सम्बन्धि कार्ययोजना**<br><br>ढुङ्गा गिटि बालुवा उत्खनन तथा बिक्रि ब्यबस्थापन सम्बन्धि मापदण्ड २०७७ को बुदा ४ बमोजिम उत्खनन तथा संकलन सम्बन्धि कार्ययोजना तयार गरी गाउ तथा नगर कार्यपालिकाबाट स्बिकृत गर्ने ब्यबस्था छ ।पालिकाको प्रारम्भिक बाताबरणीय परिक्षणबाट बिभिन्न ५ खोलाबाट २०२०३५ घनमिटर नदिजन्य पदार्थको सालाखाला मुअकर सहितको मुल्य २८१२३९२०।३९ राजश्वको सालाखाला लक्ष्य देखिएकोमा ठेक्का बाट नदिजन्य पदार्थको संकलन,उत्खनन र बिक्रि गर्न बढाबढ गरी मुअकर समेत रु ३२७७०००० आय असुल गरेको देखिएको छ । उत्खनन तथा संकलन सम्बन्धि कार्ययोजना तयार गरी कार्य गरे अझ आय असुलिमा ब्यबस्थित हुने देखिन्छ । | |
| २८ | | | **नदिजन्य पदार्थको परिमाण नियन्त्रण**<br><br>ढुङ्गा गीटी बालुवा उत्खनन बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदण्ड २०७७ को बुदा ७ ( ६) मा उत्खनन संकलन तथा ढुवानी कर्ताले उत्खनन संकलन वा ढुवानी गरेको परीमाणको दैनिक अभिलेख अनुसुची ४ क र दैनिक पटके बिक्रि वा अभिलेख तेरीज अनुसुचि ४ ख बमोजिमको ढाँचामा राख्नुपर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ब्यबस्था छ ।पालिकाले नदिजन्य पदार्थ संकलन तथा बिक्रिको लागी देहाय बमोजिम प्रतिस्पर्धाको माध्यमबाट पट्टा दिएकोमा कार्यबिधि बमोजिम नदिजन्य पदार्थको उत्खनन तथा बिक्रिको अभिलेख राखेको देखिएन । कार्यबिधि बमोजिम अभिलेख नराखि पट्टा दिईदा ठेक्कामा दिएको परिमाण नियन्त्रण हुने देखिएन । मापदण्ड २०७७ बमोजिम पट्टामा दिएको परिमाणमा उत्खनन तथा बिक्रिको अभिलेख राखी नदिजन्य पदार्थको परिमाण नियन्त्रण गरिनुपर्दछ ।<br><table><tr><td>पट्टा लिने ब्यबसायी</td><td>उत्खनन र बिक्रि स्थान</td><td>पट्टा परीमाण (घन फीट)</td><td>पट्टा रकम (मुअकर बाहेक)</td></tr><tr><td>पुर्वाञ्चल कन्ट्रक्सन</td><td>बिभिन्न ५ बटा खोला</td><td>१७०००३५</td><td>२९००००००</td></tr></table> | |
| २९ | | | **ब्याज**<br><br>ठेक्का सम्झौताको बुदा ११ मा तोकिएको म्यादभित्र ठेकेदारले नगरपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा बाँकी किस्ता रकमको दैनिक ०.०२७% का दरले ब्याज समेत असुल गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नदिजव्य पदार्थको उत्खनन संकलन तथा ढुवानी कर्ताले उत्खनन संकलन वा ढुवानी गरेको परीमाणको सम्झौतबमोजिमको किस्ता रकम समयमा नबुझाई ढिला बुझाएको देखिएकोले ब्याज समेत असुल गर्नुपर्ने रु<br><table><tr><td>ठेकेदारको नाम</td><td>किस्ता रकम</td><td>बुझाउनुपर्ने मिति</td><td>बुझाएको मिति</td><td>ढिला दिन</td><td>ब्याज रकम</td></tr><tr><td>पुर्वाञ्चल कन्ट्रक्सन पहिलो किस्ता</td><td>९८३१०००</td><td>२०७७।१०।३०</td><td>२०७८।१।१२</td><td>७२</td><td>१९१११४।६८</td></tr></table> | ५९०,८८९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पुर्वाञचल कन्ट्रक्सन पहिलो किस्ता</td><td>९८३१०००</td><td>२०७७।१२।३१</td><td>२०७८।५।२३</td><td>१२५</td><td>३३१७९६।२५</td></tr>
<tr><td></td><td></td><td></td><td>मुअकर</td><td></td><td>६७९७८।३३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>५९०८८९।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
असुल गर्ने बाँकी रकम<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ।त्यस्तै आय ठेक्का बन्दोबस्त बमोजिम सम्झौता अनुसार असुल गर्न बाँकी रकम तोकिएको अबधि भित्र दाखिला गर्नुपर्ने ब्यबस्था छ ।स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको मेशिनरी भाडा देहाय अनुसार असुल गर्ने बाँकी देखिएको बिबरण पेश भएकोले नियमानुसार आबश्यक कारबाही गरी असुल गर्नु पर्नेरु
<table>
<tr><td>बक्यौता रहनेको नाम</td><td>बिबरण</td><td>बुझाउन बाकी रकम</td></tr>
<tr><td>सुष्मा खतिवडा</td><td>सटरभाडा</td><td>२४०००</td></tr>
<tr><td>मनोज खनाल</td><td>सटरभाडा</td><td>१६०००</td></tr>
<tr><td>रिता बिश्वकर्मा</td><td>सटरभाडा</td><td>९२०००</td></tr>
<tr><td>सविता धिमिरे</td><td>सटरभाडा</td><td>२४०००</td></tr>
<tr><td>मेलिफेरा मौरीपालन संस्था</td><td>सटरभाडा</td><td>६२०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२१८०००</td></tr>
</table>
</td><td>२१८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **करदाताको अभिलेख**<br><br>स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क लगायत अन्य दस्तुर उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |
| ३२ | | | **न्यून प्रतिस्पर्धा**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ (१) तथा नियमावली, २०६४ को नियम १४६ (२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतिय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था छ । कार्यालयले स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमका देहाय बमोजिमको ठेक्कामा लागत अनुमान हराहारी अंकलाई स्वीकृत गरेको छ । अत्याधीक प्रतिस्पर्धा गराई कम लागतमा गुणस्तरीय कार्य गराउने तर्फ कार्यालयको ध्यान पुग्नुपर्दछ । | |

| भौ.नं.र मिति | योजनाको नाम | फर्मको नाम | लागत अनुमान | ठेक्का र |
|---|---|---|---|---|
| 3-2078/2/23 | भानु पुस्तकालय पुर्वबाट दक्षिण जाने (उपेन्द्र मार्ग सडक कालोपत्रे, उर्लाबारी ४ | मिक्लु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., उर्लाबारी ७,मोरङ | 1764273.94 | 171754( |
| 13-2078/3/22 | किसान चौक उत्तर केदार खतिवडाको घर पश्चिमको पुर्व | ए.एम.पी. कन्स्ट्रक्सन, शिवसताक्षी ७, झापा | 999983.50 | 964132. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तर्फ सोल्टी खोला कटान नियन्त्रण, उर्लाबारी ४ | | | | | |
| | | | 12-2078/3/22 | उर्लाबारी बहुमुखी क्याम्पस अधुरो भवन निर्माण, उर्लाबारी ४ | युगल कन्स्ट्रक्सन, उर्लाबारी २, मोरङ | 1499892.80 | 1453762.59 | 3.08 | |
| | | | 2-2078/2/23 | डि.वि. मार्ग सडक कालोपत्रे, वडा नं. ५ | नव सौरभ एण्ड फादर्स कन्स्ट्रक्सन, गुहेश्वरी ८, काठमाण्डौ | 1764890.00 | 1721588.28 | 2.45 | |
| | | | 9-2078/3/21 | भृकुटी मार्ग नबदुर्गा सडक कालो पत्रे, उर्लाबारी ७ | ए.एम.पी. कन्स्ट्रक्सन, शिवसताक्षी ७, झापा | 1767118.21 | 1693908.94 | 4.14 | |
| | | | 9-2078/3/21 | मदन मार्गको रतुवामाई सिमानादेखि उत्तर बाटो निर्माण, उर्लाबारी ९ | कामक्ष देवी निर्माण सेवा, विराटनगर | 1499988.05 | 1445676.52 | 3.62 | |
| | | | 15-2078/3/23 | राजघाट चौधरी टोल देवनारायण ढुङ्गाको घर दक्षिण ड्रेन निर्माण, उर्लाबारी ८ | साईमन कन्स्ट्रक्सन धरान १५, सुनसरी | 1499686.84 | 1470413.22 | 1.95 | |
| ३३ | | | **खर्चको बिल**<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्त्व नियमाबली २०७७ को नियम ३९(१० )मा जिम्मेवार ब्यक्तीले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो खर्च वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजजात कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाच | | | | | | १११,०३७ |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले देहाय ठेक्काको प्रोभिजनल समबाट गुणस्तर खर्च, लेवर क्याम्प मर्मत,तथा लम्सम्प आईटमबाट बिमा बापत समेत गणना गरी निम्न बमोजिम रनिङ बिलबाट भुक्तानी गरेको देखिएको छ । खरिद सम्झौता तथा नियमावलीको उल्लेखित ब्यबस्था बमोजिम स्विकृत खर्चको बिल भरपाई पेश भएको नदेखिएकोले नियमावली तथा ठेक्का ब्यबस्था बमोजिम स्विकृत खर्चको बिल भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | |

| गो भौ नं | निर्माण ब्यबसायिको नाम | बिबरण | ps item मा बिल पेश नभएको रकम |
|---|---|---|---|
| १४६।२०७८।२।१३ | मिक्लु कन्ट्रक्सन एण्ड सप्लायर्स | सुचना बोर्ड | ४००० |
| १४८।२०७८।२।१३ | सिहदेवी निर्माण सेवा | सुचना बोर्ड | ३५०० |
| | | गुणस्तर परिक्षण | ६२०० |
| १४९।२०७८।२।१३ | बिर निर्माण सेवा | सुचना बोर्ड | ३५०० |
| | | गुणस्तर परिक्षण | ६२०० |
| | | बिमा | ७६३७ |
| ३५२।२०७८।३।२५ | | बिमा | ५०००० |
| | | गुणस्तर परिक्षण | ३०००० |
| जम्मा | | | १११०३७ |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | ३५२ | २०७८-३-२५ | **दोहोरो मुअकर** | १०,४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । यसरी लागत अनुमान बनाउदा कार्यालयले पि एस आइटमहरुलाई छुटै राखी लागत अनुमानमा समावेश गर्नुपर्ने हुन्छ । दुर्गापुरी चोकदेखि अम्बारी सडक कालोपत्रेको बिलको ठेकेदार सूष्टिना कन्ट्रक्सनलाई भुक्तानी गर्दा प्रोभिजनल समको बिमा र परिक्षणको वापतको रकम रु ८०००० मुअकर समेत को रकम भएकोले फेरी रनिङ बिलको कुल जम्मा गर्दा मुअकर गणना गरी भुक्तानी भएकोले र दोहोरो मुअकर रु १०४०० असुल गर्नुपर्ने असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३५</td><td>1</td><td>२०७८-२-२३</td><td>बिल पेश गर्नु पर्ने<br><br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर निम्नानुसार भुक्तानीमा सम्झौताको वी.ओ.क्यू.मा रहेको प्रोभिजनल सम रकम भुक्तानी दिएकोमा विल पेश नभएको रु.
<table>
<tr><th>व्यवसायी</th><th>प्रोभिजनल सम</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर समेत</th></tr>
<tr><td>नव सौरभ एण्ड फादर्श प्रा.लि.</td><td>ल्यावरोटरी टेष्ट</td><td>9500</td><td>10735</td></tr>
</table></td><td>१०,७३५</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>नन् फाइलर<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेस गर्नुपर्ने उल्लेख छ । सो अनुसार करदाताले विवरण दाखिला नगरेको व्यहोरा आन्तरिक राजस्व विभागको वेभसाइटबाट देखियो । निम्न</td><td>८४,८४४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यको तपशिलमा उल्लेखित आपूर्तकका भुक्तानी दिएकोमा उक्त व्यवसायी कर दाखिला नगरी नन् फाइलर रहेको पाइयो । भुक्तानी भएको मूल्य अभिवृद्धि करको कर समायोजन विवरण पेश हुनु पर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>प्यान नं.</th><th>बिजक नं. र मिति</th></tr>
<tr><td>24-2077/6/12</td><td>कोरोना जाँचको लागि VTM Set खरिद</td><td>यशोदा फर्मा ट्रेडर्स</td><td></td><td>13-2077/4/21</td></tr>
<tr><td>79-2078/3/25</td><td>औषधी खरिद</td><td>मेडिसर्ज ट्रेडर्स</td><td></td><td>501-2078/3/11</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>पुर्व निर्धारित क्षतिपुर्ति<br><br>सार्वजनि खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले म्यादभित्र सम्झौता सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्न पाँच प्रतिशत (०.०५%) पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। देहायका योजनाहरुमा निर्माण व्यवसायीको म्याद थपको निवेदन बेगर नै सातौं नगरसभाको निर्णय नं.१४ ले तपशिल अनुसार ढिला म्याद थप गरेको पाइएकोले सम्बन्धितबाट हर्जना असुल गरी दाखिला गर्नु पर्ने रु.</td><td>७९२,०२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| भौ.नं.र मिति | योजना | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | म्याद थप मिति | ढिला दिन | हर्जना रकम (0.05 %) |
|---|---|---|---|---|---|---|---|---|
| 26-2078/3/27 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण-७ | रेनता/ईनोभेशन जे.भी. | 5327117 | 2078/2/17 | 2078/3/15 | 2078/5/10 | 58 | १५४४८६ |
| 23-2078/3/23 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण-6 | मिक्लु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 4299377 | 2078/2/16 | 2078/3/15 | 2078/5/22 | 70 | १५०४७८ |
| 25-2078/3/24 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण-2 | ग्लोबल कन्स्ट्रक्सन | 4381695 | 2078/2/16 | 2078/3/15 | 2078/5/21 | 69 | १५१११६८ |
| 27-2078/3/27 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण-5 | रेनता/ईनोभेशन जे.भी. | 5340808 | 2078/2/17 | 2078/3/15 | 2078/5/21 | 69 | १८४२५८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>18-2078/3/22</td><td>आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण-1</td><td>भिमेश्वर कन्स्ट्रक्सन</td><td>4395135</td><td>2078/2/16</td><td>2078/3/15</td><td>2078/5/21</td><td>69</td><td>१५१६३२</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>७९२०२२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>
सोझैखरिद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने ब्यबस्था भएपनि रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने कानूनि व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख भएको र एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धि मुल्यमा खरिद गर्नु पर्ने ब्यबस्था समेत छ ।खरिद कानुनको एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र<br>
प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धि मुल्यमा खरिद गर्नु पर्ने र त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने ब्यस्था समेत पालना भएको नदेखिएकोले अनियमित रु<br><br>
<table>
<tr><th>गो भौ नं</th><th>आपुर्तक</th><th>बिबरण</th><th>खर्च रकम</th></tr>
</table>
</td><td>४,९३६,२९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४।२०७७।५।२३</td><td>राज ब्रिटिश सेन्टर</td><td>प्रिन्टर खरिद</td><td>१८५००३</td></tr>
<tr><td>११।०७७।६।२२</td><td>सगरमाथा ईलेक्ट्रोनिक्स</td><td>एयर कन्डीसन</td><td>४६९२५०</td></tr>
<tr><td>२४।२०७७।९।१</td><td>राज ब्रिटिश सेन्टर</td><td>कम्प्युटर, प्रिन्टर</td><td>१७७९००</td></tr>
<tr><td>२५।२०७७।९।६</td><td>ए बि सप्लायर्स</td><td>फर्निचर</td><td>४१९२३०</td></tr>
<tr><td>३९।२०७७।१०।७</td><td>पन्चमुखि सप्लायर्स</td><td>एयर कन्डीसन</td><td>३६१४७०</td></tr>
<tr><td>४४।२०७७।१०।१४</td><td>द डेकोरेटर प्रलि</td><td>फर्निचर</td><td>४६८४४१</td></tr>
<tr><td>८५।२०७७।११।२६</td><td>सोलुसन कम्प्युटर एण्ड टेक्नीकल सेन्टर</td><td>कम्प्युटर</td><td>२१२५००</td></tr>
<tr><td>९३।२०७७।१२।३</td><td>हार्दिक ईन्टरप्राईजेज</td><td>कम्प्युटर समेत</td><td>४७३०९९</td></tr>
<tr><td>१२७।२०७८।१।२५</td><td>सगरमाथा टेडर्स</td><td>कम्प्युटर</td><td>१८२०००</td></tr>
<tr><td>४०७।२०७८।३।३०</td><td>दुर्गा क्रकिट उद्योग /शैकर कंक्रिट उद्योग</td><td>ह्युम पाईप</td><td>९८७७८९</td></tr>
<tr><td>२९०।२०७८।३।१८</td><td>जयश्री कंक्रिट उद्योग</td><td>ह्युम पाईप</td><td>९९९६०९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४९३६२९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>नापी किताब<br><br>निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरू नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी किताबको रुपमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरू एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परीक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरू हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस नगरपालिका कार्यालयद्वारा गत आ.वा.मा संचालित योजनाहरूको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधार भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा गत आ.वा. का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरूको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ | |
| ४० | | | **उपभोक्ता समितिबाट कार्य**<br><br>सार्वजनिकखरिदऐन,<br>२०६३कोदफा४४माउपभोक्तासमितिवालाभग्राहीसमुदायबाटनिर्माणकार्यगराउदावासोसम्वन्धीसेवाप्राप्तगर्दा मितव्ययीता, गुणस्तरियतावादिगोपनाअभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, कालो पत्रे ढल कल्भर्ट जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ | |
| ४१ | 18 | २०७७-६-५ | **कन्टिन्जेन्सी कट्टा नगरी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७ (४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेमको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ। तर कार्यालयले बक्राहा खोला च्यानलाईज योजनामा लागतमा रहेको कन्टिन्जेन्सी रकम रु.५८६४.७० कट्टा नगरी भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी असुल गरी दाखिला गर्नु पर्ने रु. | ५,८६४.७ |
| ४२ | | | **खर्च शिर्षक**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ४१(क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको | ४,८६९,०१० |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले देहाय गोश्वरा भौचरबाट करार कर्मचारीको पारीश्रमिक रु ५४२४६७० पारीश्रमिक कर्मचारीबाट खर्च लेखेको छ । नियमावली बमोजिम करार कर्मचारीको पारीश्रमिक करार सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा पारीश्रमिक कर्मचारीबाट खर्च लेखेकोले अनियमित रु | |

| गो भौ न | बिबरण | खर्च रकम |
|---|---|---|
| ५६६।२०७८।१।१९ | करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी | ३८३९० |
| ६८५।२०७८।२।२६ | करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी | ८१५८५१ |
| ८०९।२०७८।३।१३ | करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी | ८३०८२३ |
| १३।२०७७।४।३२ | करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी | ४४५७४० |
| ४३।२०७७।६।१ | करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी | ५५५३६० |
| ३५३।२०७७।१०।२५ | करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी | ५०२५५० |
| ४३७।२०७७।११।२५ | करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी | ५०२२५० |

<table>
<tr><td>क्र म</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३५।२०७८।१।१४</td><td>करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी</td><td>५१०५३३</td></tr>
<tr><td>५७४।२०७८।२।१०</td><td>करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी</td><td>५१७४६५</td></tr>
<tr><td>७९८।२०७८।३।११</td><td>करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी</td><td>११४०५८</td></tr>
<tr><td>७९७।२०७८।३।११</td><td>करार कर्मचारीको पारीश्रमिक कर्मचारीको पारीश्रमिकबाट भुक्तानी</td><td>३५९९०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८६९०१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>पदाधिकारी ईन्धन<br><br>गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुबिधाका सम्बन्धमा बनेको ऐन २०७५ को दफा ७ को उपदफा ४ मा सवारी साधनको निम्ति सभाबाट स्बिकृत भएको बजेट भित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकीएको सवारी ईन्धन तथा मोबिल कार्यपालिकाबाट उपलब्ध हुने ब्यबस्था छ ।पालिकाले ऐनको उल्लेखित ब्यबस्था बमोजिम पदाधिकारीको लागी २ वटा सबारी साधन उपलब्ध गराएकोमा ती सवारी साधनको लागी ईन्धन तथा मोबिलको मापदण्ड निर्धारण नगरी बर्षभरी ईन्धन पदाधिकारीमा रु ८९९९९९।०० खर्च लेखेको छ । मापदण्ड निधारण नगरी गरेको यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>कार्यालय ईन्धन</td><td></td></tr>
</table>

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा ९ मा चारपाङग्रे वा सो भन्दा ठुला साधन सञ्चालनको लगबुक भरी तोकिएको अधिकारीबाट प्रमाणित गर्ने गरी प्रमुख प्रशासकिय अधिकृत ६० लिटर, अधिकृत स्तर दशौ एघारौ ६० आठौ /नबौ ४० लिटर र सरकारी तथा निजि मोटरसाईकल/स्कुटरको हकमा मासिक अधिकृतस्तर तथा सहायक स्तर १० सहयोगी स्तर ५ लिटर ईन्धन दिने ब्यबस्था छ ।पालिकाले२चारपाङग्रे तथा २४ मोटरसाईकल तथा अन्य निजि मोटरसाईकलको लागी ईन्धन बापत रु ८९९९८५।१७ खर्च लेखेको छ ।चारपाङग्रे सबारी साधनले प्रयोग गरेको बर्षै भरी को ईन्धन लगबुक नभएको र मोटरसाईकल/स्कुटरको ईन्धन प्रयोग अभिलेख पनि ब्यबस्थित नदेखिएकोले अभिलेख ब्बस्थित गरी यस्तो खर्च नियन्त्रण गरीनुपर्दछ । | |
| ४५ | | | **सबारी साधनको मर्मत**<br><br>नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा ८.७ मा सरकारी सबारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सबारी साधनको लागी मर्मत बिल बमोजिम बढीमा कार/जिपको बार्षिक पचासहजार र मोटरसाईकल स्कुटरको लागी बार्षिक दश हजार नबढ्ने गरी मर्मत खर्च दिने यस भन्दा बढि रकम भुक्तानी गर्नुपर्ने अबस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुने ब्यबस्था छ । पालिकाले कार्यसञ्चालन निर्देशिका बमोजिम तोकिएको हद भन्दा बढी बिलका मर्मत खर्च कार्यपालिकाबाट स्बिकृत नगरी समेत यस बर्ष चारपाङग्रे तथा दुई पाङग्रे सवारी साधनको मर्मत खर्च रु १३९६४४।लेखेको छ ।यस्तो खर्च नियन्त्रण हुनुपर्दछ | |
| ४६ | | | **बितरणमुखि कार्यक्रम**<br><br>स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमाप्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिनेस्थानीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने, कमलागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतमप्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैगिकसमानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरणसंरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिकपक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पऱ्याउने विषयलाईप्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिम सुत्केरी पोषण कार्यक्रम कार्यक्रमहरु आयोजना गरी खर्च गरेको देखिएकोमा सो खर्च ऐनले तोकेका शर्त भन्दाबाहिर योजना बनाइखर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई आन्तरिक आयलाई समेत ध्यान दिदै कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्ने देखिन्छ । | |

| गो भौ नं | बिबरण | प्रयोजन | रकम |
|---|---|---|---|
| ७६७।२०७८।१ | बाल कुमार बराल सोधभर्ना | सुत्केरी पोषण कार्यक्रम | १००००० |
| ८९६।२०७८।३।२२ | परिधि टेडर्स | सुत्केरी पोषण कार्यक्रम | ३८८०० |
| ८९८।२०७८।३।२२ | मह खरिद | सुत्केरी पोषण कार्यक्रम | ११२०० |
| ७८३।२०७८।३।४ | तुलसा धिमिरे सोधभर्ना | सुत्केरी पोषण कार्यक्रम | ६४९९५ |
| १००९।२०७८।३।२९ | | सुत्केरी पोषण कार्यक्रम | ३४८०० |
| १०१५।२०७८।३।२९ | | सुत्केरी पोषण कार्यक्रम | १५२०० |
| ४७०।२०७७।१२।३ | | सुत्केरी पोषण कार्यक्रम | २१०००० |
| ८८७।२०७८।३।२१ | पोषण खरिद | सुत्केरी पोषण कार्यक्रम | ९०००० |
| ९३८।२०७८।३।२५ | | सुत्केरी पोषण कार्यक्रम | २४२३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९९४।२०७८।३।२९</td><td></td><td>सुत्केरी पोषण कार्यक्रम</td><td>१५५५५</td></tr>
<tr><td>९९९।२०७८।३।२९</td><td></td><td>सुत्केरी पोषण कार्यक्रम</td><td>७०१२५</td></tr>
<tr><td>९३८।२०७८।३।२५</td><td></td><td>सुत्केरी पोषण कार्यक्रम</td><td>२२०४०</td></tr>
<tr><td>९९४।२०७८।३।२९</td><td></td><td>सुत्केरी पोषण कार्यक्रम</td><td>१५५५५</td></tr>
<tr><td>९९९।२०७८।३।२९</td><td></td><td>सुत्केरी पोषण कार्यक्रम</td><td>६२४०५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७७४९०५</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सफ्टवयेरहरु खरिद<br><br>कार्यालयमाप्रयोगमारहेकासफ्टवेयरहरुनेपालसरकारकोसूचनाप्रविधिप्रणाली (व्यवस्थापनतथासञ्चालन) निर्देर्शिका,२०७१कोदफा४अनुसारसूचनाप्रविधिविभागमाअभिलेखिकरणगर्नुपर्नेव्यवस्थाछ।सूचना सुरक्षा नीति तयार तथा लागू गरी सूचना चोरी हुनबाट सुरक्षा प्रदान गरिनु पर्दछ। प्रणाली संचालनका लागि आवश्यक न्यूनतम तयारी पुरा गरेको हुनुपर्छ ।प्रणालीसञ्चालन सम्बन्धी अधिकार तथा Supper User Right कार्यालयको नियन्त्रणमा रहेको हुनुपर्छ। कार्यालयले देहाय बमोजिमका सफ्टवयेरहरु खरिद गरी प्रयोगमा ल्याएको छ ।तरसूचनाप्रविधिविभागमाउक्त प्रणालीअभिलेखिकरणगरेकोदेखिएन।Supper User Right कार्यालयको नियन्त्रणमा नरही प्रालिकै नियन्त्रणमा रहेको छ। यसले गर्दा प्रणालीमा कार्यालयको कुनै किसिमको नियन्त्रणको अवस्था नरहेकोले सूचनाको सुरक्षा हुने अवस्था देखिदैन । यसरी प्रणालीको सुरक्षा तथा स्वामित्व कायम नहुने देखिएको रु.....</td><td>२५९,२२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>खरिद भएको सफ्टवयेरको विवरण</td><td>भुक्तानी रकम रु.</td></tr>
<tr><td>९५७|२०७८|३|२७</td><td>आयलेखा सफ्टवेयर</td><td>२५९२२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५९२२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>मसलन्द तथा कार्यालय सामग्री खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने ब्यबस्था भएपनि रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने कानूनि व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख भएको र एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धि मुल्यमा खरिद गर्नु पर्ने ब्यबस्था समेत छ।पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री सम्बन्धि बार्षिक बजेट रु५००००००|०० र छपाई तथा सुचना प्रकाशन सम्बन्धि बजेट रु ३०१५००० भएपनि गरी मसलन्द तथा कार्यालय सामाग्रीमारु १९३३२०४ को मात्र सिलबन्दि बोलपत्र गरी बाँकी पटक पटक टुक्रा खरिद गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु. ३०६६७९६| रछपाई तथा सुचना प्रकाशन रु ३०१४८७३ गरी रु ६०८१६६९ |०० को सिधै पटक पटक खरिद गरेको छ । खरिद कानुनको एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धि मुल्यमा खरिद गर्नु पर्ने र त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्न नहुने ब्यस्था समेत पालना भएको नदेखिएकोलेकानुन बमोजिम खरिद योजना बनाई सिलबन्दि बोलपत्र वा बोलपत्रमार्फत प्रतिस्पर्धा गराई खरिद गरिनुपर्दछ । | |
| ४९ | | | **तलबी प्रतिवेदन बेगर तलब भत्ता**<br><br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.2076/77, च.नं.180 र मिति 2076/05/18 मा नेपाल सरकार (माननीय मन्त्री स्तर) को निर्णय अनुसार स्थानीयत तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने भनी व्यवस्था रहेको छ।तर कार्यालयले स्वास्थ्यतर्फका कर्मचारीहरुको तलब प्रतिवेदन जिल्ला स्थितकोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित नगरी यस आ.व.मा संघिय चालु शिर्षकबाट स्वास्थ्यकर्मीहरुलाई रु.25163477 तलब भुक्तानी गरेको देखियो।तलबी प्रतिवदेन पास गराई मात्र तलब भुक्तानी गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ५० | 2 | २०७७-६-२६ | **कार्यविधी भन्दा बढी करार भर्ना**<br><br>स्थानीय तहमा आधारभुत स्वास्थय सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधी, २०७५ को दफा ५ (४) मा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक न्यनुतम जनशक्ति (हेल्थ असिस्टेण्ट वा अ.हे.व. १ जना, स्टाफ नर्स वा अ.न.मी. १ जना र कार्यालय सहयोगी १ जना गरी जम्मा ३ जना) मौजुदा करार ऐन/नियमावली/निर्देशिका बमोजिम करारमा लिई काममा लगाउन, औजार उपकरण, औषधी र मसलन्दका लागि मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने छ। जनशक्ति करारमा लिंदा प्रादेशिक स्वास्थ्य कार्यालयसँग समन्वय गरी तहाको प्रतिनिधि समेतको सहभागितामा छनौट गर्नु पर्ने भनी उल्लेख गरेको छ। तर कार्यालयले ६ वटा आधारभुत स्वास्थ्य | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सेेवा केन्द्रमा ३/३ जनाका दरले १८ जना राख्ने पर्नेमा २ सहरी स्वास्थ्य केन्द्रमा २ थप गरी २० जना करारमा राखेको पाइयो ।
<table>
<tr><th>क्र. सं.</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>मासिक तलब</th><th>पोषाक भत्ता</th><th>चाडपर्व भत्ता</th><th>कुल बार्षिक तलब भत्ता</th></tr>
<tr><td>१</td><td>सविना धिताल</td><td>हे.अ.</td><td>28200</td><td>10000</td><td>28200</td><td>376600</td></tr>
<tr><td>2</td><td>सुनिता खतिवडा</td><td>अ.न.मि.</td><td>26610</td><td>10000</td><td>26610</td><td>355930</td></tr>
<tr><td>३</td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>732530</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>निःशुल्क औषधी<br><br>पालिकाले यस वर्ष सशर्त अनुदानबाट औषधीहरु खरिद गरि स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ ।खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा प्राप्त विवरणमा औषधीहरुको मौज्दात बढी देखाएको छ ।पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५/७६ अनुसार अथोराइज्ड स्टक लेभल (ASL) र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ। निःशुल्क औषधीको अवस्था परीक्षण गर्दा देहायानुसार पाइयो।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>औषधीको नाम</th><th>न.पा.बाट खरीद</th><th>स्वास्थ्य कार्यालयबाट प्राप्त</th><th>जम्मा</th><th>खर्च</th><th>बाँकी</th><th>म्याद मिति</th></tr>
<tr><td>Amoxiline 250 mg</td><td>21300</td><td>6000</td><td>27300</td><td>8800</td><td>18500</td><td>2022 May</td></tr>
<tr><td>Salbutamol mg</td><td>14800</td><td>0</td><td>14800</td><td>4800</td><td>10000</td><td>2022 Sept</td></tr>
<tr><td>Amoxiline 500 mg</td><td>25000</td><td>15600</td><td>40600</td><td>25800</td><td>14800</td><td>2023 May</td></tr>
<tr><td>Dexycyline 100 mg</td><td>10000</td><td>0</td><td>10000</td><td>6600</td><td>3400</td><td>2023 Dec</td></tr>
<tr><td>Vitamin B complex</td><td>47000</td><td>0</td><td>47000</td><td>33200</td><td>13800</td><td>2023 Jan</td></tr>
<tr><td>Ferrous Sulphate</td><td>84500</td><td>48800</td><td>133300</td><td>38400</td><td>94900</td><td>2023 May</td></tr>
<tr><td>Ciprofloxacin</td><td>10000</td><td>400</td><td>10400</td><td>1900</td><td>8500</td><td>2024 Jan</td></tr>
<tr><td>Paracetamol 500 mg</td><td>175600</td><td>12000</td><td>187600</td><td>58200</td><td>129400</td><td>2024 May</td></tr>
<tr><td>Amlodipines 5 mg</td><td>69400</td><td>500</td><td>69900</td><td>55400</td><td>14500</td><td>2023 Sept</td></tr>
<tr><td>Metformin 500 mg</td><td>61400</td><td>900</td><td>62300</td><td>50300</td><td>12000</td><td>2024 Feb</td></tr>
<tr><td>Cetrizine HCL 5 mg</td><td>5000</td><td>0</td><td>5000</td><td>5000</td><td>0</td><td>2024 Feb</td></tr>
<tr><td>Metronidazole 400 mg</td><td>12750</td><td>0</td><td>12750</td><td>11750</td><td>1000</td><td>2024 Jan</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>Furosemide 40 mg</td><td>500</td><td>0</td><td>500</td><td>500</td><td>0</td><td>2022 Dec</td></tr>
<tr><td>Ibuprofen 400mg</td><td>23000</td><td>0</td><td>23000</td><td>9300</td><td>13700</td><td>2023 March</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td>181</td><td>२०७८-३-४</td><td>
कार्यक्रम नर्म्सभन्दा बढी भुक्तानि<br><br>
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कायर्क्रमहरुका लागि सञ्चालन मार्गदर्शन जारी गरेको छ। कार्यालयले उक्त मार्ग दर्शन अनुसार स्वास्थ्यको कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ। उक्त मार्गदर्शनको इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रम अन्तर्गत हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन (MDA) कार्यक्रम सञ्चालन (2.7.22.70) मापदण्ड तोकेको छ। तर यस कार्यक्रम सञ्चालनको खर्च तथा मापदण्ड भिडाउँदा तोकिएको मापदण्ड भन्दा देहायको क्रियाकलापमा बढी खर्च तथा भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी सम्बन्धितबाट असुल गरी दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>खर्च भएको</th><th>नर्म्स अनुसार हुनुपर्ने</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>1</td><td>स्थानीय तह स्तरीय योजना तर्जुमा तथा बहुनिकाय गोष्ठी</td><td>43000</td><td>41550</td><td>1450</td></tr>
<tr><td>2</td><td>समुदाय स्तरीय अन्तरक्रियात्मक कार्यक्रम</td><td>347400</td><td>317700</td><td>29700</td></tr>
</table>
</td><td>८४,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>3</td><td>स्वास्थ्यकर्मिहरुका लागि तालिम</td><td>32200</td><td>29450</td><td>2750</td></tr>
<tr><td>4</td><td>अस्पताल स्तरीय अभिमुखिकरण</td><td>39800</td><td>14600</td><td>25200</td></tr>
<tr><td>5</td><td>प्रचार,प्रसार व्यवस्थापन तथा विविध</td><td>110000</td><td>84500</td><td>25500</td></tr>
<tr><td>6</td><td>जम्मा</td><td></td><td></td><td>84600</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
कोभिड-१९ आय-व्यय<br><br>
आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>0</td><td>राहत वितरण</td><td>92600</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>3547065</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>204900</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>50000</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>1679666</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>500000</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>428377</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>297500</td><td>खोप कार्यक्रम खर्च</td><td>0</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>562599</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td>50000</td></tr>
<tr><td></td><td></td><td>इन्धन एम्बुलेन्स तथा सव-बाहन</td><td>255651</td></tr>
<tr><td></td><td></td><td>गाडी भाडा</td><td>365400</td></tr>
<tr><td></td><td></td><td>खाजा खाना खर्च</td><td>755372</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>0</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>0</td></tr>
<tr><td>जम्मा</td><td>4394565</td><td>जम्मा</td><td>4394565</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>शिक्षातर्फको अभिलेख<br><br>शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत ,शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमाबलीमा व्यवस्था भए बमोजिमको अभिलेख राख्नु पर्दछ । विद्यालयस्तरमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।०७8 अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीले तोकेको प्रणालीको स्थापना गरेको नदेखिएको र लेखापरीक्षणको क्रममा उपरोक्त अभिलेखहरु पेश नभएकोले कार्यालयबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको सम्वन्धमा यथार्थता विश्लेषण गर्न सकिएन । | |
| ५५ | | | **विद्यालयगत निकासा रजिस्टर्ड खाता**<br><br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |
| ५६ | | | **सामाजिक परीक्षण**<br><br>विद्यालयको सामाजिक परीक्षण गर्ने सम्बन्धि निर्देशिका, २०६५ मा सरोकारवालाहरुमा विद्यालय प्रतिको आपनत्वको बिकास गर्ने प्राप्त साधनस्रोतको मितब्ययी ढंङ्गले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न बिद्यालयका गतिबिधिलाई पारदर्शि र उत्तरदायी बनाई गुणात्मक शिक्षाको सुनिश्चितताको लागी बिद्यालयको समग्र गतिबिधिको समिक्षात्मक लेखाजोखा गर्न सामाजिक परीक्षण समितिले गत आ.ब.को सामाजिक परीक्षण सम्पन्न गरी तयार पारीएको बिद्यालयको प्रतिबेदन सरोकारवालाहरुको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भेला गराई प्राप्त सुझाब र छलफलको निश्कर्षलाई समेत आफ्नो प्रतिबेदनमा समावेश गरी भाद्र मसान्तभित्र बिद्यालय श्रोत केन्द्रमा पेश गर्नुपर्ने ब्यबस्था छ ।पालिकाको शिक्षा शाखाले सामाजिक परिक्षण सम्पन्न भई अन्तिम प्रतिवेदनमा देखिएका कैफियतलाई कार्यन्वयनमा ल्याएको देखिएन।सामाजिक परिक्षणको एकिकृत प्रतिवेदन उपर पालिकाले कार्यान्वयन गर्नुपर्दछ। | |
